स्वीकृत मिति: २०७७/०८/०९

सिताके च्याउ उत्पादन उद्योग स्थापना र सञ्चालन विधि, २०७७

मन्त्री

**प्रस्तावना**: च्याउको खेतीका लागि भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकलाई आय आर्जन वृद्धि गरी लुम्बिनी प्रदेशका जिल्ला स्थित कृषि क्षेत्र हेर्ने कार्यालय मार्फत सञ्चालन हुने र चालू आर्थिक वर्षमा विनियोजित बजेट तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको सञ्चालन विधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो विधिको नाम "**सिताके च्याउ उत्पादन उद्योग स्थापना र सञ्चालन विधि,** २०७७" रहेको छ।

(२) यो सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधिमा :

(क) "**अनुदानग्राही**" भन्नाले यस सञ्चालन विधि बमोजिम अनुदान प्राप्त गर्ने फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्थालाई सम्झनु पर्छ।

(ख) "**कार्ययोजना**" भन्नाले सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(ग) "**कृषक समूह**" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दोजुल्दो समस्या, आवश्यकता र चाहनाहरू भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरू मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरू प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(घ) "**निजी फार्म**" भन्नाले प्रचलित नियमानुसार दर्ता भएको निजी फार्महरूलाई सम्झनु पर्छ।

(ङ) "**स्थानीय तह**" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकालाई सम्झनु पर्छ।

(च) "**अनुदान**" भन्नाले यस सञ्चालन विधि अनुरूप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम, राहत र प्राविधिक सेवा समेतलाई सम्झनु पर्छ।

(छ) "**उद्यमी**" भन्नाले प्रदेश सरकारबाट सिताके च्याउ उत्पादनका लागि स्थापना भएको निजी कम्पनी वा सहकारी संस्थालाई सम्झनु पर्छ।

(ख) स्थलगत निरीक्षण गर्ने वा कार्यदल मार्फत निरीक्षण गराउने,

(ग) अनुसूची-४ बमोजिमको मूल्याङ्कन मापदण्डका आधारमा तयार भएको मूल्याङ्कन प्रतिवेदन बमोजिमको योग्यताक्रम अनुरूप स्वीकृत बजेटको परिधि भित्र रही प्रस्तावहरू स्वीकृतिको लागि सिफारिस गर्ने,

(घ) कार्यदिश बमोजिमको कार्यक्रम कार्यान्वयनकाक्रममा निरीक्षण र अनुगमन गर्ने/गराउने,

(ङ) अनुदान रकमको हिसाबपेश नगर्ने वा सदुपयोग नगर्ने उद्यमीहरूलाई कारबाहीका लागि प्रक्रिया अगाडि बढाउने,

(च) मूल्याङ्कन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने गराउने,

(छ) आवश्यक भएमा उल्लेख भएका मूल्याङ्कन मापदण्डहरूको आधारमा उप शीर्षक र अङ्क भार तय गर्ने,

(ज) अन्य आवश्यक कार्यहरू गर्ने।

## परिच्छेद-३

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

८. **अनुदान प्रवाह विधि:**(१) सिताके च्याउ उत्पादन उद्योग स्थापनाकालागि कूल लागतको जम्मा ५०प्रतिशत वा रू. ५,००,०००।- (पाँच लाख) वा कार्यालयमा स्वीकृत बजेट मध्य जुन कम हुन्छ सोही रकम कार्य योजना बमोजिमका क्रियाकलापहरूका लागि अनुदान प्रवाह गरिने छ।

(२) उद्योग स्थापना गर्न आवश्यक कूल रकम मध्य पूँजीगत कार्य जस्तै सेड,मेशिनरी खरिद तथा जडानका लागि कम्तीमा ७० प्रतिशत र कच्चा पदार्थ लगायत अन्य सामाग्रीं खरिदका लागि बढीमा ३० प्रतिशत रकम उपलब्ध गराइनेछ।

(३) पूँजीगत निर्माण तर्फको रकम मध्येबाट नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरी खर्च गरिनेछ।

(४) स्वीकृत भएका कार्य योजना बमोजिम सम्पन्न क्रियाकलापहरूको सम्पन्न प्रतिवेदन र बिल भरपाई सहित भुक्तानीका लागि माग भई आएपछि सम्बन्धित कार्यालयबाट भुक्तानी गरिनेछ।

(५) कार्यालयले अनुदान रकम एकाउंण्टपेयी चेक मार्फत उपलब्ध गराउनेछ।

(६) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीहरू बमोजिम सम्पादित खरिद क्रियाकलापहरूको लागि मात्र रकम उपलब्ध गराउनेछ।

(७) अनुदानग्राहीले कामसम्पन्न गरी भुक्तानीकोलागिदेहाय बमोजिमका कागजातहरू संलग्न राखी निर्देशनालय/कार्यालयमा निवेदनपेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्रको प्रतिलिपि वा कार्यदिशको प्रतिलिपि,

(ज) **"कार्यालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा मातहतको निकायलाई सम्झनु पर्छ।

(झ) **"निजी कम्पनी"** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनीलाई सम्झनु पर्छ सो शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ।

(ञ) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ट) **"प्रस्ताव"** भन्नाले उद्यमीले सिताके च्याउ उत्पादनका लागि कारखाना स्थापनामा अनुदान पाउनका लागि पेश गरेको आवेदनको विवरणलाई सम्झनु पर्छ।

(ठ) **"फार्म"** भन्नाले प्रचलित कानून अनुसार दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ड) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश लाई सम्झनु पर्छ।

(ढ) **"सहकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्छ।

(ण) **"सिताके च्याउ"** भन्नाले काठमा उत्पादन गरिने च्याउ सम्झनु पर्छ।

३. उद्देश्यः यो कार्यक्रमको उद्देश्य सिताके च्याउ उत्पादन गर्ने किसानलाई प्रत्साहित गरी प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि गर्दै व्यावसायिक च्याउ उत्पादन प्रशोधन तथा बजारीकरण मार्फत आयस्तरमा दिगो वृद्धि गर्न सिताके च्याउ उद्योग स्थापना र सञ्चालन गर्नु रहेको छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन विधि

४. सूचना प्रकाशन, प्रस्ताव पेश तथा सम्झौता : (१) कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा सूचनाको पहुँचमा शुनिश्चितता हुने गरी कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी इच्छुक आवेदकसँग प्रस्ताव माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए अनुरूप आवेदकले अनुसुची-२ बमोजिमको ढाँचामा निवेदन तथा अन्य आवश्यक कागजात र अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) दफा ७ को खण्ड (क), (ख) र (ग) लगायतका अन्य प्रक्रियाबाट स्वीकृत भई छनौट भएका अनुदानग्राहीसँग कार्यालयले कार्यक्रम कार्यान्वयनको लागि अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

५. **आवेदकको योग्यता र प्रस्तावमा उल्लेख गर्नु पर्ने बुँदाहरू** : आवेदकले देहाय बमोजिमको योग्यता पुगेका अनुदानग्राहीहरूले आवेदन दिन सक्नेछन:

(क) कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको, नियमित रूपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनु पर्ने,

(ख) आवेदक गत आर्थिक वर्षमा दर्ता भई सकेको हुनु पर्नेछ,

(ग) आवेदनले विगत वर्ष देखि निरन्तर सिताके च्याउ उत्पादन तथा बजारिकरण कार्यमा संलग्न भएको हुनु पर्नेछ,

(घ) पर्याप्त जग्गाको व्यवस्था हुनु पर्ने वा कम्तीमा १० वर्ष भाडामा लिएको वा निर्मित भवनमा प्रशोधनको लागि उद्योगको व्यवस्था गर्न सकिने अवस्था रहेको जस्तैः बिजुली, पानी, बाटो आदिको व्यवस्था भएको,

(ङ) कार्य योजना अनुसार लागत अंश ब्यहोर्ने क्षमता भएको हुनु पर्ने,

(च) आवश्यक कृषि उपज कच्चा पदार्थ उत्पादन हुने र सङ्कलन हुने सम्भाव्यता भएको, र

(छ) उत्पादित च्याउको बजारिकरणको स्पष्ट खाका हुनुपर्नेछ।

६. **कार्यक्रम व्यवस्थापन समितिको गठन** : (१) कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | संयोजक |
| (ख) | योजना शाखा प्रमुख | सदस्य |
| (ग) | लेखा प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) | सम्बन्धित स्थानीय तहको कृषि हेर्ने अधिकृत/प्राविधिक | सदस्य |
| (ङ) | कार्यालय प्रमुखले तोकेको कार्यक्रम सञ्चालन गर्ने शाखाको कर्मचारी | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा २ (दुई) जना विज्ञ विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा मूल्याङ्कन गर्न र अन्य कार्यको लागि तीन सदस्यीय कार्यदल गठन गर्न सक्नेछ।

(४) कार्यदलले स्थलगत निरीक्षण समेतका आधारमा मूल्याङ्कन गरी प्रतिवेदन दिनेछ।

७. **समितिको काम, कर्तव्य र अधिकार** : व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दर्ता भएका प्रस्तावहरूको अध्ययन गरी रीत नपुगी दर्ता हुन आएका प्रस्तावहरू हटाउने,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यका लागि प्राविधिकले तयार गरेको बिल,

(घ) कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको सक्कल प्रतिलिपि,

(ङ) बिल वीजकहरूको सक्कल प्रति,

(च) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरूको फोटो,

(छ) अनुदानग्राहीले कार्य सम्पन्न गरेको प्रतिवेदन,

(ज) स्थानीय तहको सिफारिस,

(झ) समूह/सहकारीको हकमा सार्वजनिक सुनुवाइको छायाँप्रति,

(ञ) बैठकको माईन्यूटको प्रतिलिपि,

(ट) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,

(८) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिस पश्चात् अनुदान रकम उपलब्ध गराइनेछ।

(९) यस विधि अनुरूप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख कार्यक्रम सञ्चालन गर्ने कार्यालयले राख्नेछ।

९. <u>अनुदान प्राप्त गर्ने उद्यमीले पालन गर्नु पर्ने अन्य कुरा</u> : (१) निर्माण हुने कामको विवरणको होडिङ्ग बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(२) निर्माण कार्यमा इन्जिनियरबाट निरीक्षण एवं सम्पन्न कामको मेजरमेन्ट बुक राखी बिल बनाउने व्यवस्था गर्नु पर्नेछ।

(३) उद्योगहरूको निर्माण तथा सञ्चालनका क्रममा मन्त्रालय, निर्देशनालय र कृषि ज्ञान केन्द्रबाट दिएको निर्देशनको पालन गर्नु पर्नेछ।

(४) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको प्रशोधन उद्योग सम्बन्धी हिसाब किताब हेर्न सक्नेछ। हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ।

(५) आयोजना सञ्चालन भएपछि उद्योग १० वर्ष सञ्चालन हुनु पर्नेछ र सो अगावै बन्द गरेमा बाँकी वर्षको वार्षिक १० प्रतिशतको दरले सम्बन्धित सञ्चालकबाट अनुदान रकम असुल गरिनेछ।

## परिच्छेद-४

## <u>अनुगमन र विविध</u>

१०. <u>अनुगमनको व्यवस्था</u>: (१) अनुदानग्राहीको अनुगमन मन्त्रालय, निर्देशनालय, कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय र प्रदेश सरकारका सरोकारवाला निकायहरूले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) अनुदानग्राहीहरूले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका

उपलब्धिहरू तोकिएको निकाय वा कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु उद्यमीको कर्तव्य हुनेछ।

११. <u>कारबाहीको व्यवस्था</u> : (१) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राहीलाई कार्यक्रम व्यवस्थापन समितिको सिफारिसमा कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ।

(२) यस विधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाईएमा त्यस्ता उद्यमीलाई प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१२. <u>बाधा अड्चन र निरूपण</u> : यस विधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको कार्यान्वयनमा केही बाधा व्यवधान आई परेमा वा विवाद भएमा सो को निरूपण मन्त्रालयले गर्नेछ।

## अनुसूची-१

(दफा ४ को उप दफा १ सँग सम्बन्धित)

### सूचनाको ढाँचा

**प्रथम पटक सूचना प्रकाशन मिति.......**

चालू आ.व. ........मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार .....................कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक ................संस्थाले सूचना प्रकाशित भएको मितिले ....... दिन भित्र (मिति.................गते भित्र) यस कार्यालयमा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेबसाइट ......................... बाट प्राप्त गर्न सकिनेछ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

<u>तपसिल विवरण</u>

१. प्रस्तावकको सक्कल निवेदन
२. प्रस्तावक नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तीमा १० वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सबै सरोकारवाला निकाय वा व्यक्तिलाई सूचना प्राप्तिको शुनिश्चतता हुने गरी सूचनाको अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ ।

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>सिताके च्याउ उत्पादन उद्योग स्थापना र सञ्चालन कार्यक्रमका लागि प्रस्तावना/आवेदन फाराम</u>

श्री प्रमुख ज्यू, मिति ..................

कृषि ज्ञान केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ..............................,

लुम्बिनी प्रदेश, नेपाल

विषयः ........................................ कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति...................................... मा प्रकाशित गरिएको सूचना अनुसार ............................................................ कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरूको अधीनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छु/छौं।

**संलग्न कागजहरू**

१. दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रमाणित प्रतिलिपि
२. जग्गाको लालपूर्जा वा लिजमा लिएको भए १० वर्षको सम्झौता पत्र र सम्बन्धित जग्गा धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि एवं चालू आ.व.को तिरो तिरेको रसिद
३. नियमित लेखापरीक्षण प्रतिवेदन र सरकारी कर चुक्ता प्रमाणको प्रतिलिपि
४. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
५. उद्योगको लागि निर्माण गरिने भौतिक पूर्वाधारको प्रारम्भिक रेखाङ्कन/नक्सा र खरिद तथा लागत अनुमान र खरिद गरिने सामग्रीहरूको (मेशिनरी सहित) लागत अनुमान
६. संस्था/कम्पनीमा हाल रहेको बैङ्क मौज्दात वा अन्य वित्तीय श्रोतको प्रमाण
७. उत्पादित वा प्रशोधित कृषि वस्तु स्वदेशमा र विदेशमा कसरी बिक्री वितरण गर्ने वा हुने सो को खाका र सो सम्बन्धी आधार पेश गर्नु पर्ने छ।

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं.:
संस्थाको छापः

अनुसूची-३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

मन्त्री

**सिताके च्याउ उत्पादन उद्योग स्थापना लागि अनुदान रकम उपलब्ध गराउने आयोजना प्रस्तावको ढाँचा**

**खण्ड कः प्राविधिक प्रस्ताव**

**१.आयोजनाको सारांश**

- यस खण्डमा प्रस्तावित आयोजनाको संक्षिप्त पृष्ठभूमि/परिचयको साथै आयोजनाका उद्देश्य, प्रतिफल कार्यान्वयन तरिका, परियोजनाको दिगोपना र आयोजनाको अनुमानित लागतको साथै वित्तीय विश्लेषणको संक्षिप्त रूपमा उल्लेख गर्नु पर्छ।

**२. आयोजनाको प्रस्तावित क्षेत्र**

- प्रस्ताव गरिएको भौगोलिक क्षेत्रको संक्षिप्त विवरण।

**३. आयोजनाको लक्ष्य**

- प्रस्तावित आयोजनाले दीर्घकालीन रूपमा पार्न सक्ने प्रभावको बारेमा उल्लेख गर्ने।

**४. आयोजनाको उद्देश्य**

- प्रस्तावित आयोजना कार्यान्वयन पश्चात् हासिल हुन सक्ने उद्देश्यको बारेमा उल्लेख गर्ने।

**५. आयोजनाको प्रतिफल/उपलब्धि**

- प्रस्तावित आयोजना कार्यान्वयन पश्चात् प्राप्त हुने प्रतिफल/उपलब्धि र प्रतिफल/उपलब्धि हासिल भए/ नभएको मापन गर्ने सूचक समेत उल्लेख गर्नु पर्ने। सूचक उल्लेख गर्दा समय परिमाण र गुणस्तर समेत झल्कने किसिमले गर्नु पर्नेछ।

**६. आयोजनाको कार्यान्वयन तरिका**

- प्रस्तावित आयोजनामा समावेस गरिने क्रियाकलापहरूको विवरणको साथै प्रत्येक क्रियाकलापहरू कहिले, काहा, किन, कसरी कार्यान्वयन गरिने हो सो को व्याख्या समेत गर्नुपर्नेछ।
- कार्यान्वयन पद्दति।
- आवश्यक सामाग्रीहरूको उपलब्धता।
- समयको पर्याप्तता।
- रचनात्मक तत्वहरू।

**७. प्रस्तावित आयोजनाको कार्ययोजना**

- प्रस्तावित आयोजनामा समावेस गरिने क्रियाकलापहरू कुन-कुन महिनामा कार्यान्वयन गरिने हो सो को कार्य तालिका सहित पेश गर्नुपर्नेछ।

**९. आयोजनाको प्राविधिक पक्ष**

- कच्चा पदार्थको आपूर्ति व्यवस्था र सो को व्यवस्थापन

- भौतिक लक्ष्यहरू आयोजनाको क्षमता
- उत्पादन/प्रशोधन प्रविधिको विवरण
- उत्पादन/प्रशोधन योजना तथा प्रक्रिया
- प्राविधिक जनशक्ति तथा आपूर्ति व्यवस्था
- उत्पादित वस्तुहरूको विशेषताहरू

**१०. बजारीकरण पक्ष**

- बजारको विकास र बजारीकरणको रणनीति
- लक्षित ग्राहकहरू
- लक्षित बजारका प्रतिस्पर्धीहरू
- लक्षित बजारका विशेषताहरू
- मुख्य उत्पादनका विशेषताहरू
- बजारमा उपलब्ध अवसरहरू
- बजार विकासका चुनौतीहरू

**११. व्यवस्थापकीय पक्ष**

- सेवा सुविधाको विकास
- प्रस्तावित संगठनात्मक संरचना
- मानविय संशाधनको विकास
- व्यवस्थापकिय अनुभव र क्षमता

**१२. वातावरणीय र सामाजिक पक्ष**

- आयोजना सञ्चालनबाट वातावरणमा पर्न सक्ने नकारात्मक असर र सो को न्युनिंकरणका उपायहरू
- आयोजना सञ्चालनबाट समाजमा पर्न सक्ने नकारात्मक असर र सो को न्युनिकरणका उपायहरू

**१३. सम्बन्धित तहसँग समन्वयन र सहकार्य**

- आयोजनासँग सम्बन्धित तहहरूसँग के कस्तो प्रकारको सहकार्य र समन्वयन हुन सक्छ स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने। कुनै तहसँग सहकार्यको लागि सम्झौता भएमा निजहरूको भूमिका र जिम्मेवारी समेत उल्लेख गर्नु पर्ने ।

**१४. आयोजनाको लाभान्वित वर्ग**

- प्रस्तावित आयोजना कार्यान्वयनबाट प्रत्यक्ष/अप्रत्यक्ष रूपमा लाभान्वित हुने समुदायको संक्षिप्त विवरण। आयोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा श्रृजना हुने रोजगारी नियमित हो की आंशिक हो सो को संख्या समेत खुलाउनु पर्नेछ।

१५. दिगोपना

- उपलब्धि र प्रतिफललाई दिगो राख्ने क्षमता
- वातावरणीय रूपले दिगोपना
- आर्थिक रूपले दिगोपना
- सामाजिक रूपले दिगोपना
- नाफा गर्न सक्ने क्षमता
- दिर्घकालिन लक्ष्यको निर्धारण

**१६. सञ्चालनमा भैरहेको उद्योग भए भौतिक पूर्वाधारहरूको विवरण :**

| सि.नं. | भौतिक पूर्वाधार र सामग्रीहरूको विवरण | इकाई | परिमाण | खरिद मूल्य | हालको अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१७. सुधार/स्थापना वा निर्माण पछि प्रदान गरिने सेवा सम्बन्धी विवरण:

| सि.नं. | सुधार पश्चात्को प्रदान गरिने सेवा/बस्तुहरू | इकाई | पुरानो उद्योग हो भने सेवा प्रदान गरिरहेको विवरण | | अनुदान प्राप्ति पछिको थप हुने विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | हालको बजार मूल्य रु हजारमा | परिमाण | हालको बज़ार मूल्य रु हजारमा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

**खण्ड (ख): वित्तीय प्रस्ताव**

**१. लगानी र सो को लागत बाँडफाँट (कार्य योजना):**

मन्त्री

| सि.नं. | क्रियाकलाप | इकाई | दर | परिमाण | जम्मा रकम रु | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आफूले ब्यहोर्ने रु. | अनुदान माँग रु. | जम्मा रकम रु. | |
| क | पूर्वाधार विकास तथा बारबन्देज खर्च — कूल अनुदानको ३० प्रतिशतमा नबढाई | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |
| ख | पुँजीगत सामग्रीको खर्च - कूल अनुदानको ७० प्रतिशतमा नघटाई | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |
| | कूल जम्मा (क+ख) | | | | | | | |

२. **वित्तीय विश्लेषण**

- पुँजीगत लगानीको लागत अनुमान
- स्थिर र परिवर्तनीय खर्चको अनुमान
- उत्पादन खर्चको अनुमान
  वार्षिक उत्पादन खर्च आकलन
- उत्पादन बिक्री र आयको प्रक्षेपण
  आयोजनाको उत्पादन योजना
  आम्दानी प्रति वर्ष
- चालू पूँजीको आवश्यकताको प्रक्षेपण
  चालू खर्च प्रति वर्ष
- प्रक्षेपित नाफा नोक्सान हिसाब वासलात र नगद प्रवाह विवरण

३. **लाभ लागत अनुपात (गणना गरेको विवरण तपसिलमा प्रष्ट खुलाउनु पर्नेछ):**

**खण्ड — ग**

**विभिन्न तहहरूको सिफारिस विवरण**

१. **स्थानीय तहको सिफारिस :**

यस ............................. गा.पा./न.पा./उ.म.न.पा.वडा नं .................. टोल स्थित/बस्ने श्री .......................................... ले कृषि वस्तु प्रशोधन उद्योग स्थापना / सुधारका लागि पेश गर्नका लागि तयार गर्नु भएको निवेदनमा उल्लेख भएका ब्यहोरा ठिक साँचो रहेका छन्। निजको उक्त उद्योग प्रवर्द्धन कार्यमा तहाँको सहयोग उपलब्ध गराइदिनु हुन सिफारिस साथ अनुरोध छ।

सिफारिस गर्नेको दस्तखत र मिति

नाम

पद

कार्यालयको छाप

## अनुसूची-४

(दफा ७ को खण्ड (ग) सँग सम्बन्धित)

### प्रस्ताव मूल्याङ्कनका आधारहरू

दर्ता नं.

प्रस्तावको नाम :

ठेगानाः

| सि.नं. | मूल्याङ्कनका आधारहरू | अधिकतम अङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग स्थापना/सुधार सम्बन्धी स्पष्टता/औचित्य | १० | | |
| | धेरै राम्रो | १० | | |
| | राम्रो | ८ | | |
| | ठिकै | ६ | | |
| २ | उद्योग सञ्चालन तथा व्यवस्थापनको अनुभव | १० | | |
| | ५ वर्ष सो भन्दा बढि अनुभव भएको | १० | | |
| | २-४ वर्षको अनुभव भए | ८ | | |
| | २ वर्ष भन्दा कम अनुभव भए | ६ | | |
| ३ | कच्चा पदार्थको आपूर्ति | १० | | |
| | १०० % स्थानीय स्तरबाट भए | १० | | |
| | ७५ % भन्दा बढी स्थानीय स्तरबाट भए | ८ | | |
| | ५० % भन्दा बढी स्थानीय स्तरबाट भए | ६ | | |
| | ५०% भन्दा कम स्थानीय स्तरबाट भए | ४ | | |
| ४ | रोजगारी सिर्जना | १० | | |

| | | | | |
|---|---|---|---|---|
| | ५ जना भन्दा बढी | १० | | |
| | ३-४ जना सम्म | ८ | | |
| | २ वा २ भन्दा कम | ६ | | |
| ५ | समावेशीता | १० | | |
| | प्रस्तावक १००% महिला वा दलित भए | १० | | |
| | प्रस्तावक ७५% भन्दा बढी महिला वा दलित भए | ८ | | |
| | प्रस्तावक ५० % भन्दा बढी महिला वा दलित भए | ६ | | |
| | प्रस्तावक ५०% भन्दा कम महिला वा दलित भए | ४ | | |
| ६ | संस्थाको किसिम | १० | | |
| | कृषि सहकारी भए | १० | | |
| | अन्य सहकारी भए | ८ | | |
| | ३ वा सो भन्दा बढीको सामूहिक कम्पनी भए | ६ | | |
| | २ वा सो भन्दा कमको निजी/एकल भए | ४ | | |
| ८ | समन्वय/सहकार्य | १० | | |
| | कच्चा पदार्थको खरिद सम्झौता भएको भए | १० | | |
| | नभएको भए | ७ | | |
| ९ | व्यवसायिक योजना | ३० | | |
| ९.१ | उद्योग स्थापनाको लागि सामग्री व्यवस्थापन | ३-५ | | |
| | धेरै राम्रो | ५ | | |
| | राम्रो | ४ | | |
| | ठिकै | ३ | | |
| ९.२ | जनशक्ति व्यवस्थापन | ३-५ | | |
| | धेरै राम्रो | ५ | | |
| | राम्रो | ४ | | |
| | ठिकै | ३ | | |
| ९.३ | लगानी योजना र स्रोतको सुनिश्चितता | ३-५ | | |
| | धेरै राम्रो | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| | राम्रो | ४ | | |
| | ठिकै | ३ | | |
| ९.४ | उत्पादनको बिक्री योजना | ३-५ | | |
| | धेरै राम्रो | ५ | | |
| | राम्रो | ४ | | |
| | ठिकै | ३ | | |
| ९.५ | लाभ लागतको विवरण र खर्च उठाउन लाग्ने खर्च | ६-१० | | |
| | धेरै राम्रो | १० | | |
| | राम्रो | ८ | | |
| | ठिकै | ६ | | |
| | जम्मा | १०० | | |

- मूल्याङ्कनका आधारहरू जे सुकै भए पनि स्थलगत निरीक्षणबाट गरिने मूल्याङ्कनबाट उपयुक्त ठहर नभएका प्रस्तावहरू स्वतः अस्वीकृत हुनेछन्।
- कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार थप सान्दर्भिक उपशिर्षक र अङ्क भार तय गर्न सक्नेछ।

मूल्याङ्कन कर्ताको

दस्तखतः

नामः

पदः

कार्यालयः

मितिः

## अनुसूची-५

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**सम्झौता-पत्रको ढाँचा**

श्री ..................................... मार्फत सञ्चालन गरिने आ.व. ...................... को स्वीकृत ............................................................ कार्यक्रम सञ्चालन गर्न ............................ .................................. (यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका कम्पनी/समूह/सहकारी संस्था ........................................................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका सर्तमानहरू गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता र सहमति भएको छ।

१. यो सम्झौता पत्र ....................................(प्रथम पक्ष) र .................................. (दोस्रो पक्ष) बीच ........................................................... कार्यक्रमको लागि लागत साझेदारीका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ......... दिन भित्र शुरु गर्नु पर्नेछ।

४. ....................................................... कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि ......... % कार्यसम्पन्न भए पछि पहिलो, ......... % कार्यसम्पन्न भए पछि दोस्रो र १०० % कार्यसम्पन्न भएपछि अन्तिम किस्ता अनुदान रकम एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गराउनेछ।

५. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा अनुगमन टोलीको सिफारिसको आधारमा गरिनेछ। दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम व्यवस्थापन समितिको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको विल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा विलहरू प्राप्त भएको ७ दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

७. सम्झौता रकम जम्माः-
   प्रथम पक्षले ब्यहोर्नेः-
   दोस्रो पक्षले ब्यहोर्नेः-

८. दोस्रो पक्षले अनुदान रकम देहाय अनुसारको विषयमा मात्र खर्च गर्नु पर्नेछ। अन्यथा प्रथम पक्षबाट भुक्तानी हुने छैन।

| सि.न. | क्रियाकलाप | ईकाइ | परिणाम | दर | जम्मा | अनुदान रकम | कार्यक्रम सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. पूर्वधार | | | | | | | | |
| १.१ | | | | | | | | |
| १.२ | | | | | | | | |
| २. औजार/उपकरण | | | | | | | | |
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. सञ्चालन खर्च | | | | | | | | |
| ३.१ | | | | | | | | |
| ३.२ | | | | | | | | |

९. प्रथम पक्षले उपलब्ध गराउने अनुदान रकम विधिको दफा ........ बमोजिमको काममा मात्र खर्च गर्न सकिनेछ र तोकिएको समयावधि भित्र सम्पन्न गरी भुक्तानी समेत माग गर्नु पर्नेछ अन्यथा भुक्तानी नभई हानी नोक्सानी पर्न गएमा प्रथम पक्ष जवाफदेही हुनेछैन।

१०. ............................................... कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१२. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरूपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रूपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरूपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१३. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१४. यस सम्झौतामा भएको विषयमा यसै सम्झौता बमोजिम र नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| ........................... | ............................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरू | |
| नामः | नामः |
| पदः | पदः |

मितिः २०........... साल .......... महिना............. गते

नोट : सम्झौता हुँदाको बखत उल्लिखित बुँदाहरूमा थपघट गर्न सकिनेछ।